गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं.

करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !
प्रथम पटक प्रकाशित मिति: २०८३/०७/१३ गते

यस गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गजुरी, धादिङमा देहाय बमोजिम पदमा सेवा करारमा लिई कामकाज गराउन आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले हासिल गरेका शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित यस कार्यालयमा रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

क्र सं	विज्ञापन नं	पद	सेवा, समूह	तह	माग गरिएको संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१	०७/२०८३/०८४ (स्वास्थ्य)	अ.न.मी.	स्वास्थ्य नर्सिङ	चौथो	तीन (३)	मान्यताप्राप्त शैक्षिक संस्थाबाट ए.एन.एम. कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको, एसबिए तालिम प्राप्त लाई विशेष प्राथमिकता दिइने।
२	०८/२०८३/०८४ (स्वास्थ्य)	फार्मेसी सहायक	स्वास्थ्य / फार्मेसी	सहायक पाँचौ	एक (१)	फार्मेसी सहायक कोर्ष उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको

१. पदपूर्ति सम्बन्धी अन्य शर्तहरु

क. **उमेरको हद:** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको।

ख. **दरखास्त दिने अवधि:** २०८३/०७/१३ देखि २०८३/०७/१९ सम्म।

ग. **परीक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता।

घ. **तलब स्केल:** गाउँपालिकाको नियमानुसार।

ङ. परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

च. दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ।

छ. **दरखास्त बुझाउने स्थान:** गजुरी गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखा वा https://sutrarevenue.fcgo.gov.np Online बाट पनि भुक्तानी गर्न सक्नुहुनेछ।

ज. **दरखास्त दस्तुर:** रू. ६००/- (सहायक चौथो) र कार्यालय सहयोगीको रू २००/- यस कार्यालयको राजश्व शाखामा बुझाई सक्कलै रसिद पेश गर्नुपर्नेछ।

झ. दरखास्तको ढाँचा र छनौट विधि सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु प्रचलित ऐन तथा गजुरी गाउँपालिको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुनेछ।

ञ. कार्य अनुभव भएकोलाई प्राथमिता दिइनेछ।

२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:

क. नेपाली नागरिकताको फोटोकपी

ख. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको फोटोकपी

ग. सम्बन्धित काउन्सिलमा दर्ता भएको म्याद बाँकी रहेको प्रमाणपत्रको फोटोकपी

घ. विशेष तालिम वा कार्यानुभव भएमा सो को प्रमाणित फोटोकपी।

३. दरखास्त फाराम यस गजुरी गाउँपालिकाको कार्यालय तथा गजुरी गाउँपालिकाको वेबसाइट www.gajurimun.gov.np मार्फत् प्राप्त गर्न सकिनेछ।

८७/१२

जगदिश प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. +९७७-०१०-४०२०६३, ४०२१४५ ईमेलः info@gajurimun.gov.np वेबसाइटः www.gajurimun.gov.np